फेदीखोला गाउँपालिका

# स्थानीय राजपत्र

गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

| खण्ड ८ | संख्या १ | २०८१/०२/०४ |
|---|---|---|

गाउँ कार्यपालिकाबाट पारित : २०८१/०१/३१

प्रमाणिकरण : २०८१/०२/०२

## भाग २

# फोहोरमैला व्यवस्थापन निर्देशिका, २०८१

फेदीखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा

<u>प्रस्तावना:</u> **फोहोरमैला व्यवस्थापन ऐन, २०६८** तथा **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** ले फोहोरमैलाको व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुने कुरा उल्लेख गरेको छ। अतः गाउँपालिका क्षेत्र भित्रको फोहोरमैलालाई स्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा अन्तिम विसर्जन गरी फोहोरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहोरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकुल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि फेदीखोला गाउँपालिका क्षेत्र भित्र रहेका प्रत्येक घर, पसल, होटल तथा रेष्टुरेण्ट व्यावसायिक तथा औद्योगिक प्रतिष्ठान, शिक्षण संस्था निजी तथा गैरसरकारी संस्था, कार्यालय, बैंक तथा वित्तीय संस्था, धार्मिक स्थल, सार्वजनिक स्थल आदिबाट उत्पादन हुने फोहोरमैलाको व्यवस्थापन गर्ने कार्यलाई प्रभावकारी बनाई फोहोरमैला संकलन, ढुवानी तथा अन्तिम विसर्जन गरी सडक तथा सार्वजनिक स्थल, चोक, गल्ली, खुल्ला क्षेत्र, उद्यान, खोला र खोला किनार आदिको फोहोरमैला व्यवस्थापन कार्यमा सुधार ल्याउन **फोहोरमैला व्यवस्थापन ऐन, २०६८** को दफा ५१ को उपदफा २ तथा **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ र **प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४** को दफा ४ ले दिएको अधिकार प्रयोग गरी **फेदीखोला गाउँपालिकाले फोहोरमैला व्यवस्थापन निर्देशिका, २०८१** तर्जुमा गरी लागू गरेको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

### १. <u>संक्षिप्त नाम र प्रारम्भ:</u>

(१) यस निर्देशिकाको नाम "फेदीखोला गाउँपालिकाको फोहोरमैला व्यवस्थापन निर्देशिका, २०८१" रहनेछ।

(२) यो निर्देशिका फेदीखोला गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

### २. <u>परिभाषा:</u>

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) “निर्देशिका” भन्नाले फेदीखोला गाउँपालिकाको फोहोरमैला व्यवस्थापन निर्देशिका, २०८१ बुझ्नु पर्दछ।

(ख) “गाउँपालिका” भन्नाले फेदीखोला गाउँपालिका बुझ्नु पर्दछ।

(ग) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बुझ्नु पर्दछ।

(घ) “कोष” भन्नाले फेदीखोला गाउँपालिकाद्वारा स्थापित खानेपानी सरसफाई तथा वातावरण कोष बुझ्नु पर्दछ।

(ङ) “साझेदार” भन्नाले फेदीखोला गाउँपालिकाद्वारा फोहोरमैला व्यवस्थापन गर्न स्थापित कोषमा वा फोहोरमैला व्यवस्थापन कार्यका लागि फेदीखोला गाउँपालिकासँग साझेदारी गरी कार्यक्रम सञ्चालन गर्ने अन्य जुनसुकै निकायलाई बुझ्नु पर्दछ।

(च) “औद्योगिक फोहोरमैला” भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्काशन हुने हानिकारक तथा प्रदुषणयुक्त फोहोरमैला सम्झनु पर्दछ।

(छ) “औद्योगिक प्रतिष्ठान” भन्नाले कुनै उद्योग व्यवशाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित कुनै कम्पनी उद्योग फर्म वा कुनै निकाय सम्झनु पर्दछ।

(ज) “कन्टेनर, डष्टवीन वा कम्पोष्टवीन” भन्नाले फोहोरमैला संकलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहोरमैला संकलन गर्ने भाँडो, वाकस, वाल्टीन वा यस्तै प्रकारको अन्य कुनै वस्तु वा संरचना सम्झनु पर्दछ र सो शव्दले कम्पोष्ट मल उत्पादन गर्न राखिएको भाँडो समेतलाई जनाउनेछ।

(झ) “ढुवानी” भन्नाले संकलित फोहोरमैला उत्पादन स्थलबाट संकलन केन्द्र र संकलन केन्द्रबाट स्थानान्तरण केन्द्र सम्म वा स्थानन्तरण केन्द्रबाट फोहोरमैला व्यवस्थापन केन्द्र वा स्थानीय तहले तोकेको स्थान सम्म लैजाने कार्य सम्झनु पर्दछ।

(ञ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(ट) "न्यूनीकरण" भन्नाले कुनैपनि प्रविधि वा उपायको प्रयोग गरी फोहोरमैलाको परिमाण, आकार वा प्रभावमा कम गर्ने कार्य सम्झनु पर्दछ।

(ठ) "निष्काशन" भन्नाले फोहोरमैला उत्पादन स्थलबाट स्थानीय तहले तोकेको समय वा स्थानमा संकलन गर्ने वा निकाल्ने कार्य सम्झनु पर्दछ।

(ड) "प्रदुषण" भन्नाले फोहोरमैलाबाट निस्कने ठोस, तरल वा ग्याँस वस्तुको संयोजनबाट वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव पारि वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा प्रयोजनमा हानी नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्दछ।

(ढ) "प्रभावित क्षेत्र" भन्नाले फोहोरमैला व्यवस्थापन स्थलको प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदनमा उल्लोखित क्षेत्रलाई सम्झनु पर्दछ।

(ण) "प्रशोधन" भन्नाले फोहोरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने मल, ग्याँस, उर्जा वा अन्य वस्तु उत्पादन गरी फोहोरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्दछ।

(त) "प्रशोधन स्थल" भन्नाले फोहोरमैला प्रशोध गरी मल, ग्यास, उर्जा वा अन्य वस्तु उत्पादनका लागि कार्य सञ्चालन गर्ने स्थल सम्झनु पर्दछ।

(थ) "पुनः चक्रीय प्रयोग" भन्नाले संकलित फोहोरमैला वा फोहोरका रुपमा प्राप्त वस्तुहरुलाई प्रविधिको प्रयोग गरी वा नगरी कच्चा पदार्थको रुपमा रुपान्तरण गरी उपयोगी वस्तुको रुपमा विकास गरी पुनः प्रयोगमा ल्याउने कार्य सम्झनु पर्दछ।

(द) "फोहोरमैला" भन्नाले घरेलु वा बजार क्षेत्रका फोहोरमैला, औद्योगिक फोहोरमैला, रसायनिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, वा हानिकारक फोहोरमैला सम्झनु पर्दछ  र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्याँस, लेदो, धुवाँ, धुलो, विद्युतीय वा सूचना

प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायत पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा टाँसिएका पोष्टर, पम्पलेट र गाउँपालिकाले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहोरमैला भनि तोकिएका अन्य वस्तुहरु समेतलाई जनाउनेछ।

(ध) "फोहोरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साईट वा सरसफाई केन्द्र)" भन्नाले फोहोरमैला व्यवस्थापन, प्रशोधन वा वर्गीकरण गर्नका लागि गाउँपालिकाले तोकेको स्थल सम्झनु पर्दछ।

(न) "फोहोरमैला संकलन" भन्नाले फोहोरमैला उत्पादन स्थल वा समुदायका घर घरबाट गाउँपालिकाले तोकेको मापदण्ड अपनाई संकलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहोरमैला संकलन गरी बढार्ने, थुपार्ने, झारपात तथा अनधिकृत रुपमा सार्वजनिक स्थलमा रहेका फोहोरजन्य वस्तुहरु, टाँसिएका पम्पलेट उप्काई संकलन गर्ने कार्य समेतलाई सम्झनु पर्दछ।

(प) "बन्द पश्चात व्यवस्थापन" भन्नाले फोहोरमैला व्यवस्थापन स्थलमा फोहोरमैला विसर्जन गर्न बन्द गरे पश्चात सो क्षेत्रको वातावरणीय सन्तुलन कायम राख्नको लागि गरिने कार्य सम्झनु पर्दछ।

(फ) "रसायनिक फोहोरमैला" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केको मानव स्वास्थ्य लगायत जीव जन्तु एवम् वातावरणमा प्रतिकुल असर गर्ने सम्पूर्ण रासायनिक पदार्थहरु वा समय समयमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी रसायनिक फोहोरमैला भनी तोकेको ठोस, तरल, ग्यास, धुलो लेदो लगायतका पदार्थ वा वस्तुहरुलाई सम्झनु पर्दछ।

(ब) "विसर्जन" भन्नाले कतै काम नलाग्ने फोहोरमैलाको अन्तिम व्यवस्थापन सम्झनु पर्दछ।

(भ) "संकलन केन्द्र" भन्नाले घर घरबाट निस्कने फोहोरमैला संकलन गरी निर्धारित स्थानमा राख्न, वा थुपार्न वा फोहोर संकलन गर्ने सवारी साधनमा राख्न सवारी साधन रोक्नको लागि तोकिएको स्थानलाई सम्झनु पर्दछ।

(म) "सामुदायिक संस्था" भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितका निम्ति प्रचलित कानून बमोजिम स्थापित समुदायमा आधारित सहभागितामुलक उपभोक्ता समूह, सहकारी संस्था वा गैहसरकारी संस्था सम्झनु पर्दछ।

(य) "स्थानान्तरण केन्द्र" भन्नाले संकलित फोहोरमैला विसर्जन गर्न फोहोरमैला व्यवस्थापन स्थल वा सरसफाई केन्द्रमा लैजानु अगाडी फोहोरमैला संकलनका लागि गाउँपालिकाले तोकेको स्थान सम्झनु पर्दछ।

(र) "स्वास्थ्य संस्थाजन्य फोहोर" भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैंक, प्याथोलोजिक प्रयोगशाला, पशु स्वास्थ्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन वा निष्काशन हुने हानिकारक फोहोरमैला सम्झनु पर्दछ।

(ल) "हानिकारक फोहोरमैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानी नोक्सानी पुऱ्याउने विभिन्न तरिका र रुपमा निष्कासित वस्तु पदार्थ वा रेडियो विकिरण लगायत सम्झनु पर्दछ।

(व) "कार्यालय" भन्नाले फेदीखोला गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ।

(श) "सेवाग्राही" भन्नाले गाउँपालिकाले फोहोरमैला व्यवस्थापन गरे वापत सेवा शुल्क तिर्नुपर्ने दायित्व भएका व्यक्ति, घर, संस्था वा निकाय सम्झनु पर्दछ।

(ष) "वर्गीकरण वा शुक्ष्म वर्गीकरण" भन्नाले फोहोरका रुपमा फालिने कुहिने, नकुहिने, शिशा तथा हानिकारक वस्तुहरु वा गाउँपालिकाले तोके बमोजिम विभिन्न प्रकृतिका वस्तुहरु अलग अलग राख्ने क्रियाकलाप सम्झनु पर्दछ।

(स) “सरसफाई केन्द्र” भन्नाले गाउँपालिका अन्तर्गत समुदायबाट फोहोरमैला संकलन गरी सूक्ष्म वर्गीकरण तथा भण्डारणका लागि प्रयोग गर्ने भनी गाउँपालिकाले तोकेको स्थान सम्झनु पर्दछ ।

(ह) “गाउँ कार्यपालिका” भन्नाले फेदीखोला गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## निर्देशिकाको उद्देश्य तथा सेवा शुल्क

**३. निर्देशिकाको उद्देश्य:** यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा फोहोरमैला व्यवस्थापन ऐन, २०६८ तथा नियमावली २०७० ले फोहोरमैला व्यवस्थापनका लागि दिएका अधिकारहरुको प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।

(ख) फोहोरमैला व्यवस्थापनका लागि स्थानीय स्तरमा समन्वय र समझदारी कायम गर्दै सहभागितात्मक योजना तर्जुमा गर्न सहयोग गर्ने ।

(ग) गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न संघ संस्था, छिमेकी स्थानीय तह र अन्य सामाजिक संघ संस्थाहरुसँग समन्वय गरी फोहोरमैला व्यवस्थापनका लागि जनचेतनामुलक क्रियाकलापहरु अभिवृद्धि गर्न मद्दत गर्ने ।

(घ) वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन एवम् सरसफाईका लागि चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्न सहयोग गर्ने ।

(ङ) फोहोरमैला व्यवस्थापन क्षेत्रमा क्रियाशील साझेदार संस्थाका क्रियाकलापहरु र कार्यमा आवश्यक सहयोग पुऱ्याउने ।

(च) फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य गर्ने विभिन्न राष्ट्रिय, अन्तरराष्ट्रिय संघ संस्थाहरुसँग समन्वय कायम गर्न मद्दत गर्ने ।

(छ) फोहोरमैला व्यवस्थापनका लागि निजी क्षेत्र, नागरिक समाज, समुदाय, गैह्रसरकारी संघ संस्था जस्ता संघ संस्थाहरुसँग सहकार्य र साझेदारी प्रवर्धन गर्ने ।

(ज) फोहोरमैला व्यवस्थापन कार्यको सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्यांकन तथा पुरस्कार र दण्ड जरिबाना समेतका लागि आधार प्रदान गर्ने ।

## ४. सेवा शुल्कः

(१) सेवा शुल्क सम्बन्धमा फेदीखोला गाउँपालिकाको निणर्य अनुसार देहाय बमोजिम व्यवस्था हुनेछ ।

(क) गाउँपालिकाले फोहोरमैला व्यवस्थापन गरे वापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउन सक्नेछ ।

(ख) यसरी उठाइने सेवा शुल्कको निर्धारण फोहोरमैलाको तौल, परिमाण, प्रकृति, प्रकार वा तोकिए बमोजिम हुनेछ ।

(ग) यसरी उठाइने सेवा शुल्क गाउँपालिका आफैंले वा उसले तोकेको व्यक्ति, संस्था, फर्म वा निकाय मार्फत समेत उठाउन सक्नेछ ।

(घ) गाउँपालिकाबाट फोहोरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति वा फर्म वा संस्था वा निकायले गाउँपालिकासँग भएको सम्झौताको आधारमा फोहोरमैला व्यवस्थापन गरे वापत तोकिएको रकम पाउनेछ ।

(ङ) फोहोरमैला व्यवस्थापन शुल्कबाट प्राप्त आम्दानी तथा फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी गाउँपालिकाको खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन कोषमा आम्दानी बाँधी तोकिएको मापदण्डको अधीनमा रही फोहोरमैलाको व्यवस्थापन, वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नुपर्नेछ ।

(२) गाउँपालिकाले फोहोर व्यवस्थापन गरे वापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट मासिक देहाय बमोजिमको दरमा सेवा शुल्क लगाई उठाउनेछ ।

| | |
|---|---|
| आवासीय घर | रु. ५० ।- |

| | |
|---|---|
| व्यवसायिक घर | रु. ७५।- |
| होटल सानो | रु. १००।- |
| होटल ठूलो | रु. २००।- |
| कार्यालय | रु. ७५।- |
| आश्रम/विद्यालय | रु. १००।- |

(३) सेवा शुल्क हेरफेर वा थपघट गर्नु परेमा यसै निर्देशिका बमोजिम बनेको फोहोरमैला व्यवस्थापन समितिको सिफारिसमा सेवा शुल्कको दररेटमा हेरफेर वा थपघट हुनेछ।

(४) फोहोरमैला व्यवस्थापन शुल्कबाट प्राप्त आम्दानी टोल वा वडा अनुसार हिसाब राखिनेछ र सोही बमोजिमका सम्बन्धित टोलहरुलाई आम्दानीको २० (बीस) प्रतिशत सरसफाई कार्यक्रमहरु सञ्चालनका लागि फिर्ता दिइनेछ।

**५. सेवा निलम्बन वा अन्त्य गर्न सक्ने:**

(१) देहायको अवस्थामा सेवाग्राहीको सेवा निलम्बन वा अन्त्य गरिनेछ।

(क) फेदीखोला गाउँपालिकाले निर्धारण गरेको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला व्यवस्थापन सम्धन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ।

(ख) फोहोरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था, वा निकायले निर्धारित सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन गर्न सक्नेछ र यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जानकारी गाउँपालिकालाई दिनुपर्नेछ।

(ग) सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहोरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी आफैँले गर्नुपर्नेछ। जथाभावी फोहोरमैला फालेमा वा राखेमा तोकिए बमोजिम दण्ड जरिबाना लगाइनेछ।

(२) निलम्बित सेवाग्राहीले बुझाउनुपर्ने सेवा शुल्क र जरिवाना बुझाएमा निजलाई पुनः सेवा सुचारु गरिनेछ।

## परिच्छेद ३

## फोहोरमैला व्यवस्थापन समिति

### ६. फोहोरमैला व्यवस्थापन समितिको गठनः

(१) फोहोरमैला व्यवस्थापन कार्यमा आवश्यक नीति निर्माणको लागि सुझाव दिन तथा कार्यान्वयन र अनुगमन मुल्याङ्कन समेतका लागि देहाय अनुसारको व्यवस्थापन समिति गठन गरिनेछ ।

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँसभाका सदस्यहरुमध्येबाट (कम्तिमा १ जना महिला अनिवार्य) गाउँपालिका अध्यक्षले मनोनयन गरेको २ जना - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सम्बन्धित वडाका वडाध्यक्षहरु - सदस्य

(ङ) लेखा अधिकृत - सदस्य

(च) कार्यालयका खानेपानी सरसफाई तथा वातावरण शाखा प्रमुख - सदस्य सचिव

(२) व्यवस्थापन समितिको बैठक सामान्यतय ३ महिनामा एकपटक वस्नेछ । तर आवश्यकता भएमा जुनसुकै वेलामा पनि वोलाउन सकिनेछ ।

(३) बैठक अध्यक्षको आदेशमा सदस्य सचिवले वोलाउनेछ ।

(४) व्यवस्थापन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ । बैठकको निणर्य अध्यक्षले प्रमाणित गर्नुपर्नेछ ।

**७. व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार:** व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) फोहोरमैला व्यवस्थापन कार्यका लागि आवधिक तथा वार्षिक योजनाहरु तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्याङ्कन र समीक्षा गर्ने ।

(ख) फोहोरमैला व्यवस्थापन कार्यका लागि जुन चेतनामुलम कार्यक्रम तथा तालिमहरु सञ्चालन गर्ने ।

(ग) वातावरण संरक्षण ऐन र नियमले दिएका अधिकार प्रयोग गरी आवश्यक कार्यहरु गर्ने।

(घ) गाउँपालिका क्षेत्रलाई पूर्ण सरसफाई घोषणा तथा सरसफाई कायम राख्न पहल गर्ने।

(ङ) फोहोरलाई स्रोतमै वर्गीकरण गरी संकलन गर्ने र सरसफाई केन्द्रमा सूक्ष्म वर्गीकरण गर्ने व्यवस्था मिलाउने।

(च) वर्गीकृत फोहोर मध्ये जैविक फोहोरबाट ग्याँस, मल आदि उत्पादन गर्ने कागज कपडा जस्ता कुहिने फोहोर र प्लाष्टिक, धातुहरु, रवर र शिशा लगायतका वस्तुहरु वर्गीकरण पश्चात पुनः प्रयोग वा बिक्री गर्ने व्यवस्था मिलाउने र कतै प्रयोगमा नआउने वस्तुहरुलाई वातावरणमैत्री तरिकाले अन्तिम विसर्जन गर्ने व्यवस्था मिलाउने।

(छ) अन्तिम विसर्जन गर्नुपर्ने फोहोर व्यवस्थापनमा स्यानटरी ल्याण्ड फिलिङको अवधारण अनुसार गर्ने।

(ज) सेनिटरी ल्याण्डफिल साईटहरु भरिएपछि उक्त भरिएका ल्याण्डफिल साइटहरुमा फुलवारी, बगैँचा खेलमैदान आदिका रुपमा विकास गर्ने र बैकल्पिक साइटहरुको खोजी गरी राख्ने।

(झ) फोहोर व्यवस्थापनमा गैरसरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायको संलग्नता बढाउन आवश्यक कार्य गर्ने।

(ञ) ल्याण्डफिल साईट र सरसफाई केन्द्रहरुको सरसफाई तथा चुस्त दुरुस्त व्यवस्थापनमा विशेष ध्यान दिने।

(ट) फोहोरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोत साधन र जनशक्ति व्यवस्थापन गर्ने।

(ठ) ल्याण्डफिल साईटको प्रभावित क्षेत्र पहिचान गरी त्यहाँका बासिन्दाहरुका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने।

(ड) शून्य ल्याण्डफिल साईटको अवधारण अनुसार फोहोरमैला व्यवस्थापन कार्य सञ्चालन गर्ने सोही क्रममा सञ्चालनमा रहँदासम्म ल्याण्डफिल साईटलाई प्रदुषण शून्य बनाउन प्रयास गर्दै त्यसका नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न आवश्यक व्यवस्था मिलाउने।

(ढ) फोहोर व्यवस्थापनलाई पर्यटन प्रवर्धनको माध्यम बनाउन आवश्यक कार्यहरु गर्ने ।

(ण) फोहोरबाट जनस्वास्थ्यमा पर्नसक्ने नकारात्मक असरहरु न्यूनीकरण गर्ने कार्यमा विशेष ध्यान दिने ।

(त) फोहोरमैला व्यवस्थापन शुल्कको समिक्षा र हेरफेर गर्ने, सेवा क्षेत्र विस्तार वा अन्य फोहोर व्यवस्थापनका लागि आवश्यक कार्यहरु गर्ने ।

(थ) फोहोर व्यवस्थापन कार्यमा प्रभावकारिताका लागि विभिन्न उपसमितिहरु गठन गरी परिचालन गर्ने ।

**८. <u>उपसमिति वा कार्यदल गठन गर्न सक्ने</u>:**

(१) समितिले फोहोरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन र कार्य सुचारु रुपमा सञ्चालन गर्नका लागि आवश्यकता अनुसार विषयसँग सम्बन्धित विशेषज्ञ, गाउँ कार्यपालिकाका विभिन्न शाखा, इकाई प्रमुखहरु, प्रभावत क्षेत्रका टोल विकास संस्थाका प्रतिनिधी, उद्योग वाणिज्य संघ नागरिक समाजका प्रतिनिधीहरु समेतको प्रतिनिधित्व रहेको बढीमा ७ सदस्यीय उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) दफा (१) बमोजिम गठित उपसमितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) फोहोरमैला व्यवस्थापन कार्यमा जनसहभागिता जुटाउन पहल गर्ने ।

(ख) फोहोरमैला व्यवस्थापन कार्यको अनुगमन र मुल्याङ्कन गर्ने ।

(ग) फोहोरमैला व्यवस्थापन कार्यको दिगो र प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायमा समन्वय गर्ने ।

(घ) फोहोरमैला व्यवस्थापन कार्यको लागि आवश्यक स्रोत साधनहरु खोजी गर्ने ।

(ङ) फोहोरमैला व्यवस्थापनका लागि स्यानीटरी ल्याण्डफिल साईट र सरसफाई केन्द्र स्थापनाका लागि सम्भावित स्थानहरुको खोजी गर्ने ।

(च) फोहोरमैला व्यवस्थापनका लागि निजी क्षेत्र, नागरिक समाज, समुदाय, गैह्रसरकारी संघ संस्थासँग सहकार्य र साझेदारी गर्न सम्भावनाहरुको खोजी गर्ने ।

**९. समितिको अध्यक्षको काम कर्तव्य र अधिकारः**

(क) बैठकको अध्यक्षता गर्ने ।

(ख) बैठक बोलाउन सचिवलाई निर्देशन दिने ।

(ग) बैठकमा प्रतिवेदन पेश गर्ने ।

(घ) समितिका सदस्यहरुलाई कामको बाँडफाँड गर्ने कामको आवश्यक समन्वय गर्ने ।

(ङ) फोहोरमैला व्यवस्थापनका लागि वित्तीय तथा भौतिक स्रोत जुटाउन र परिचालन गर्न गराउन गाउँपालिकालाई सहयोग गर्ने ।

(च) बैठकका निणर्यहरु सार्वजनिक गरी पारदर्षिता कायम गराउने ।

(छ) फोहोरमैला व्यवस्थापन कार्यको अनुगमन मुल्यांकन गर्ने गराउने ।

**१०. सदस्य सचिवको काम कर्तव्य र अधिकारः** सदस्य सचिवको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने । अध्यक्षसँगको सरसल्लाहमा छलफलका लागि बैठकका विषयवस्तुहरु तयार गरी निणर्यका लागि बैठकमा पेश गर्ने ।

(ख) बैठकका निणर्य लेख्ने, समितिका सबै कागजात जिम्मा लिने ।

(ग) फोहोरमैला व्यवस्थापन सम्बन्धी सूचनाहरु, तथ्यांक तथा अभिलेखहरु अध्यावधिक गर्ने ।

(घ) फोहोरमैला व्यवस्थापन सम्बन्धित प्रशासनिक तथा अन्य दैनिक कार्यहरु गर्ने ।

(ङ) फोहोरमैला सम्बन्धी कार्यक्रम तर्जुमा, स्वीकृति र कार्यान्वयनका लागि आवश्यक कारवाही गर्ने ।

(च) कार्यक्रमको अनुगमन गर्ने गराउने ।

(छ) फोहोरमैला व्यवस्थापन सम्बन्धी चल अचल सम्पत्तिको संरक्षण गर्ने गराउने ।

(ज) फोहोरमैला व्यवस्थापन सम्बन्धी बैठकको निणर्यहरु र सो सम्बन्धी भए गरेका काम कारवाही तथा प्रगति मासिक रुपमा कार्यालय प्रमुख समक्ष पेश गर्ने ।

(झ) फोहोरमैला व्यवस्थापन सम्बन्धी अन्य काम कार्यालय प्रमुखको निर्देशनमा सम्पादन गर्ने ।

**११. सदस्यको काम कर्तव्य र अधिकार**: सदस्यको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) बैठकमा सहभागी भई छलफलमा सक्रियता पूर्वक सहभागी हुने ।

(ख) अध्यक्षको काममा सहयोग गर्ने ।

(ग) तोकिएको जिम्मेवारी पूरा गर्ने ।

(घ) बैठकको निणर्यमा पुग्न मतदान गर्नुपर्ने भए मतदान गर्ने ।

(ङ) फोहोरमैला व्यवस्थापनका कार्यहरु कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।

(च) व्यवस्थापन समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद ४

## फोहोरमैला व्यवस्थापन विधि

**१२. फोहोरमैला व्यवस्थापन विधि:** गाउँपालिकाले देहाय अनुसारका विधिहरु मध्ये कुनै एक वा मिश्रित विधिबाट फोहोरमैला व्यवस्थापन कार्य गर्नेछ ।

(क) गाउँ कार्यपालिकाको कार्यालय आफैँले गर्ने ।

(ख) टोल विकास संस्था तथा टोल सुधार समिति परिचालन गरेर गर्ने ।

(ग) सार्वजनिक निजी साझेदारीबाट गर्ने ।

(ङ) खरीद विधिबाट गर्ने ।

(च) स्थानीय सरसफाई समिति मार्फत गर्ने ।

**१३. देहाय बमोजिमका कामहरु गाउँ कार्यपालिकाको कार्यालय आफैँले गर्न सक्नेछ:**

(क) जनचेतना, क्षमता विकास कार्यक्रम, गोष्ठी सेमिनार, अन्तरक्रिया, अभिमुखिकरण ।

(ख) सामाजिक परिचालन, उत्प्रेरक तथा स्वयंसेवक परिचालन ।

(ग) समन्वय, प्रचार, प्रसार ।

(घ) अनुगमन, मुल्यांकन

१४. **फोहोरमैला व्यवस्थापनमा टोल विकास संस्था परिचालन**: फोहोरमैला व्यवस्थापनमा टोल विकास संस्थालाई पूर्ण वा आंसिक रुपमा जिम्मेवारी दिन सकिनेछ ।

१५. **सार्वजनिक निजी वा सामुदायिक क्षेत्रबाट साझेदारीमा फोहोरमैला व्यवस्थापन गर्न सकिने**: सार्वजनिक निजी तथा सामुदायिक क्षेत्रबाट साझेदारीमा फोहोरमैला व्यवस्थापन गर्न सकिनेछ ।

१६. **सार्वजनिक खरिद विधिबाट पनि फोहोरमैलाको व्यवस्थापन गर्न सकिने:** सार्वजनिक खरीद विधिबाट पनि फोहोरमैला व्यवस्थापन गर्न सकिनेछ ।

## परिच्छेद ५

## फोहोरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता

१७. **अनुमति सम्बन्धी व्यवस्था:**

(क) फोहोरमैला व्यवस्थापन सम्बन्धमा गाउँपालिकाबाट अनुमति सम्बन्धी व्यवस्था गरिनेछ ।

(ख) गाउँपालिकाले अनुमति नदिई कसैले पनि सो क्षेत्रको फोहोरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन पाउने छैन ।

(ग) फोहोरमैला व्यवस्थापन गर्न चाहने स्वदेशी वा विदेशी कम्पनी संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि गाउँपालिकामा निवेदन दिनुपर्नेछ :

(१) फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य योजना ।

(२) फोहोरमैला सम्बन्धी आवश्यक जनशक्ति तथा प्रविधिको विवरण ।

(३) तोकिए बमोजिमको संस्थाका वैधानिक कागजातहरु र माग बमोजिमका अन्य विवरण ।

(घ) यसरी पर्न आएका निवेदनहरु उपर गाउँपालिकाले आवश्यक जाँचबुझ गरी अनुमति दिन सक्नेछ ।

(ङ) फोहोरमैलाको व्यवस्थापन, पुनःचक्रीय प्रयोग, प्रशोधन र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलब्ध

गराउन सक्ने कुनै विदेशी कम्पनी संस्था वा निकायलाई सम्झौतामा लिखित अवधि भित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने सर्तमा नेपाल सरकारको स्वीकृति लिई गाउँपालिकाले अनुमति दिन सक्नेछ ।

(च) अनुमति पत्र सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारको प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

१८. **निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापनको काम गराउन सकिनेः** गाउँपालिकाले आवश्यकता अनुसार अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानून बमोजिमको कुनै प्रक्रियाको अवलम्वन गरी आफ्नो क्षेत्रको फोहोरमैला व्यवस्थापन गराउन सक्नेछ । फोहोरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक एवम् गैह्रसरकारी संघ संस्थाको हकमा देहायका कुनै काम गराउन सकिनेछ ।

(क) फोहोरमैला न्यूनीकरण सम्बन्धी जनचेतना अभिवृद्धि,

(ख) फोहोरमैला संकलन,

(ग) फोहोरमैला ढुवानी,

(घ) फोहोरमैलाको सुक्ष्म वर्गीकरण, प्रयोग, पुनः चक्रीय प्रयोग वा प्रशोधन,

(ङ) मापदण्ड बमोजिम फोहोरमैलाको अन्तिम विसर्जन र

(च) विसर्जन पश्चात को व्यवस्थापन ।

१९. **प्रतिस्पर्धा गराई फोहोरमैला व्यवस्थापनको जिम्मा दिनेः**

(१) कार्यालयले निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहोरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्दछ । यसरी फोहोरमैला व्यवस्थापकको छनौट गर्दा देहायका आधारमा गर्नु पर्दछ ।

(क) गाउँपालिकालाई बुझाउन कबुल गरेको वा व्यवस्थापन गरे वापत गाउँपालिकाले व्यवस्थापकलाई दिने रकम ।

(ख) फोहोरमैलाबाट उर्जा शक्ति उत्पादन गर्ने वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता, पुँजी प्रविधि र जनशक्तिको क्षमता।

(ग) आर्थिक तथा प्राविधिक क्षमता, विगतमा अन्य स्थानीय तहहरुमा गरेको सम्बन्धित कामको अनुभव।

(घ) फोहोरमैला व्यवस्थापनमा अपनाउन प्रस्ताव गरिएको प्रविधिको दिगोपना तथा वातावरणीय प्रभाव न्यूनीकरण।

(ङ) व्यवस्थापन करार गर्ने भए प्रस्ताव गरिएको व्यवस्थापन शुल्क।

(च) फोहोमैलाको प्रयोग, प्रशोधन वा पुनः प्रयोग गर्ने सम्बन्धमा भए गाउँपालिकालाई बुझाउन मञ्जुर गरिएको रोयल्टी।

(२) बोलपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(३) फोहोरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले गाउँपालिकासँग गरेको सम्झौताको अधिनमा रही सेवा शुल्क उठाउन सक्नेछ।

(४) प्रतिस्पर्धाबाट सम्झौता अनुसार काम नगरेमा वा कार्य सम्पादन सन्तोषजनक नभएमा सम्झौता भंग गरी असुल उपर गर्नुपर्ने रकम असुल उपर गरी बाँकी अवधिको प्रतिस्पर्धामा क्रमशः दोस्रो तेस्रो स्थानमा रहेको पक्षसँग सम्झौता गरिनेछ।

**२०. फोहोरमैला व्यवस्थापन स्थल (सरसफाई केन्द्र) निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिन सकिनेः**

(१) फोहोरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालनको लागि स्वीकृति दिने सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरिनेछ।

(क) निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापनको लागि फोहोरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानूनको अधिनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनको लागि गाउँपालिकाले स्वीकृति दिन सक्नेछ।

(ख) यसरी निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा तोकिएको वातावरणीय मापदण्डको पालना भए वा नभएको अनुगमन गाउँपालिकाले गर्नेछ ।

(ग) अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना नगरेको पाइएमा त्यस्तो मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था गर्न समयावधि तोकिदिन सक्नेछ र सो समयावधिमा पनि मापदण्डको पालनाको लागि आवश्यक व्यवस्था नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीको स्वीकृति गाउँपालिकाले रद्द गर्न सक्नेछ ।

**२१. सार्वजनिक निजी साझेदारीमा फोहोरमैलाको व्यवस्थापन गर्न सकिने:**

(१) गाउँपालिकाले प्रचलित कानूनको अधिनमा रही निजी क्षेत्र, सामुदायिक एवम् गैह्रसरकारी संघ संस्थासँगको साझेदारीमा फोहोरमैला व्यवस्थापनको कार्य गर्न सक्नेछ ।

(२) गाउँपालिकाले सामुदायिक संघ संस्थासँगको साझेदारीमा फोहोरमैला न्यूनीकरणको लागि जनचेतना अभिवृद्धि, फोहोरमैला संकलन, ढुवानी, फोहोरमैला व्यवस्थापन स्थलको बन्द पश्चात व्यवस्थापन, उद्यान निर्माण र सौन्दर्यीकरण जस्ता कार्यहरु गर्न गराउन सक्नेछ ।

## परिच्छेद ६

## फोहोरमैला व्यवस्थापनको विधि, जिम्मेवारी र भुमिका

**२२. फोहोरमैला घटाउने विधि:**

(१) देहाय बमोजिमको विधिबाट फोहोर घटाउन प्रोत्साहित गरिनेछ ।

(क) स्रोतमै (जहाँ फोहोर उत्पादन हुन्छ, त्यहीँ उत्पादकले फोहार उतपादन गरेको समयमा नै) कुहिने, नकुहिने, शिशा तथा हानिकारक फोहोरहरुलाई अलग अलग छुट्ट्याएर राखी कुहिनेलाई घरमै कम्पोष्टिङ लगायतका विधीहरु अपनाएर उपयोग गर्ने र नकुहिनेलाई पुनः प्रयोग वा बिक्री गरी बाँकी रहेको कतै प्रयोगमा नआउने वस्तुहरु मात्र फोहोर संकलनको गाडीमा दिने ।

(ख) घरमा प्रयोग गर्ने भाँडाहरु भरसक प्लाष्टिकको भन्दा धातुहरुबाट बनेका प्रयोग गर्ने ।

(ग) प्लाष्टिका झोला तथा अन्य सामानहरु सकेसम्म निषेध गरी कपडा, जुट आदिबाट बनेका झोला तथा सामग्रीहरु प्रयोग गर्ने ।

(घ) पुनः प्रयोग गर्न सकिने सामानहरुलाई पुनः प्रयोग गर्ने ।

(ङ) विद्युतीय सामग्रीहरु मर्मत गर्ने वा रिसाइकल गर्ने व्यक्ति निकायहरुलाई दिएर फोहोर घटाउने ।

## २३. फोहोरमैला व्यवस्थापनको जिम्मेवारी (कसको हो?):

(क) मुख्यरुपमा जसले फोहोर उत्पादन गर्छ व्यवस्थापन गर्ने जिम्मेवारी पनि उसैको हुनेछ ।

(ख) निजी क्षेत्र, समुदायमा आधारित संघ संस्था आमा समूह, युवा क्लव, सरकारी गैह्सरकारी कार्यालय बैंक तथा वित्तीय कार्यालय आदि ।

(ग) गाउँपालिका ।

(घ) राजनैतिक दल ।

(ङ) शिक्षण संस्था, स्वास्थ्य संस्था, सुरक्षा निकाय, सञ्चार जगत, आदि ।

## २४. फोहोर व्यवस्थापनमा विभिन्न निकायको भुमिकाः

### (क) प्रत्येक घरपरिवारको भुमिका:

(१) फोहोरलाई कुहिने, नकुहिने, शिशा तथा हानिकारक वा गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम वर्गीकरण गरी राख्ने ।

(२) विकल्पहरु प्रयोग गरी कुहिने फोहोरबाट ग्याँस, मल आदि उत्पादन गरी प्रयोग गर्ने र नकुहिने बिक्री हुने वस्तुहरुलाई बिक्री गर्ने र प्रयोगमा ल्याउन नसकिने वा बिक्री नहुने फोहोरलाई मात्र गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम राखी फोहोर संकलन गर्ने गाडीमा दिने ।

(३) फोहोर जथाभावी नफाल्ने, अरुलाई पनि फाल्न नदिने, अटेरी गर्नेलाई कारवमहीको लागि गाउँपालिका वा सम्बन्धित निकायमा सूचना दिने ।

(४) समुदायमा बेला बेलामा आयोजना हुने सरसफाई कार्यक्रमहरुमा सहभागी हुने।

(५) फुलबारी तथा वृक्षारोपण कार्य गरी समुदाय हराभरा र सुन्दर बनाउन पहल गर्ने।

**(ख) फेदीखोला गाउँपालिकाको भुमिकाः**

(१) फोहोर व्यवस्थापन कार्यलाई प्राथमिकता दिई बजेट विनियोजन गर्ने।

(२) कार्यविधि बनाई सरसफाई शुल्क लगाउने, फोहोरमैला व्यवस्थापन गर्ने जस्ता कार्यहरु व्यवस्थित गर्ने।

(३) समुदायलाई अनिवार्य रुपमा फोहोर वर्गीकरण गर्ने बानीको विकास गर्न सचेतनामुलक कार्यहरु सञ्चालन गर्ने।

(४) बटुवा तथा सार्वजनिक सवारीका साधनहरुबाट बाटोघाटो वा सार्वजनिक स्थलहरुमा फोहोर हुन नदिन कडाई गर्ने र मापदण्ड बमोजिम फोहोर संकलन हुने गरी सार्वजनिक स्थलहरुमा डष्टवीनहरुको व्यवस्था गरिदिने।

(५) स्थानीय बजार, टोल बाटो घाटो सुन्दर बनाउन समुदायलाई प्रतिस्पर्धात्मक क्रियाकलापहरु आयोजना गरी प्रौत्साहन तथा परिचालन गर्ने।

(६) सरसफाई केन्द्र र स्यानिटरी ल्याण्डफिल साईटको व्यवस्था र व्यवस्थापनमा विशेष ध्यान दिने।

(७) निर्देशिका तथा प्रचलित कानूनहरुलाई कडाईका साथ लागु गर्ने।

(८) फोहोर व्यवस्थापनमा सहभागिता अभिवृद्धि गर्न आवश्यक कार्यहरु गर्ने।

**(ग) उद्योग वाणिज्य संघको भुमिका :**

(१) पुनः प्रयोग वा पुनःचक्रिय प्रयोग हुने सामग्रीहरुलाई पुनः प्रयोगमा ल्याउने।

(२) आफुले आयात गरेका सामग्रीहरुले फोहोर बढाएको देखिएमा विशेष सरसफाई कार्यक्रम सञ्चालन गर्ने।

(३) आ-आफ्ना पसल अगाडी ग्राहकहरुका लागि मापदण्ड बमोजिम फोहोर राख्ने भाँडाहरु राखिदिने।

(४) सरसफाई शुल्क निर्धारण र संकलन गर्न गाउँपालिकालाई सहयोग गर्ने।

(५) बजारलाई सुन्दर र सफा बनाउनको लागि विभिन्न किसिमका प्रायोजनहरु (Sponsorship) गर्ने ।

(६) सरसफाईको अभियानमा निजी क्षेत्रलाई परिचालन गर्ने ।

(७) हानिकारक तथा फोहोरमैला बढाउने सामानहरुको आयात सकेसम्म कम गर्ने ।

(८) फोहोर व्यवस्थापनकालागि गाउँपालिकाले तोकेको वर्गीकरण विधीलाई कडाईका साथ पालना गर्ने र गराउन पहल गर्ने ।

**(घ) आमा समूह, टोल विकास संस्था र क्लवहरुको भुमिकाः**

(१) फोहोर जथाभावी फाल्नेलाई सामाजिक रुपले दण्ड सजाय गर्न पहल गर्ने ।

(२) सरसफाई सम्बन्धी कार्यलाई सफल बनाउन पहल गर्ने ।

(३) गाउँपालिकाले तोकेको मापदण्डमा स्रोतमै फोहोर वर्गीकरण सम्बन्धी कार्यमा तालिमहरु लिने/दिने ।

(४) सरसफाई कार्यको अनुगमन गर्ने ।

(५) गाउँपालिकालाई फोहोरमैलाको दिगो व्यवस्थापनका लागि स्थानीय आवश्यकताका बारेमा  विद्यमान परिस्थिती अनुसार सल्लाह सुझाव दिने र आवश्यक सहयोग गर्ने ।

**(ङ) शिक्षण संस्थाहरुको भुमिका :**

(१) सबै कक्षाहरुमा सरसफाई र वातावरण सम्बन्धी सचेतना बढाउने खालका अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने ।

(२) विद्यालय परिसरको सरसफाई गरी नमूनाको रुपमा व्यवस्थित बनाई राख्ने ।

(३) गाउँपालिकाले निर्धारण गरेको फोहोर वर्गीकरण गर्ने तरिकाहरुको बारेमा बालबालिकाहरुलाई तालिम दिने ।

(४) फोहोर र त्यसबाट हुने नकारात्मक असरहरुका बारेमा बालबालिकाहरुलाई सचेत गराउने ।

(५) फोहोमैला व्यवस्थापन स्थलहरु, विधि र प्रक्रियाहरु सिकाउन सरसफाई केन्द्रहरुमा अवलोकन भ्रमण गराउने ।

(६) हप्तामा कम्तिमा एक दिन **प्लाष्टिकजन्य फोहोर व्यवस्थापन गर्न बनेको कार्यविधि, २०८०** बमोजिम सरसफाई र वातावरणीय स्वच्छता सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गर्ने ।

**(च) गैह्र सरकारी संघ संस्थाहरुको भुमिका :**

(१) गाउँपालिकाले प्राथमिकता दिएका सरसफाई सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न उपलब्ध स्रोतको परिचालन गर्ने ।

(२) जनचेतना जागरण गर्ने कार्यक्रमहरु सञ्चालन गरी फोहोरमैला व्यवस्थापनमा सहयोग गर्ने ।

(३) फोहोर वर्गीकरण, कुहिने नकुहिने फोहोरको पुनःचक्रीय प्रयोग आदिका बारेमा समुदायमा आवश्यक सहजीकरण गर्ने ।

(४) स्वच्छ वातावरण, प्राकृतिक श्रोतको व्यवस्थित उपयोग र सरसफाई सम्बन्धी कार्यलाई प्रोत्साहन हुने खालका सूचनाहरु संप्रेषण गर्ने ।

**(छ) सञ्चार जगतको भुमिका :**

(१) राम्रा अभ्यासहरुलाई प्राथमिकताका साथ प्रचार प्रसार तथा सूचना संप्रेषण गर्ने ।

(२) फोहोरमैलाको दिगो व्यवस्थापनका लागि जनचेतना जगाउने कार्यमा सहयोग गर्ने ।

(३) नियमित रुपमा वातावरण संरक्षण, फोहोर व्यवस्थापन जस्ता विषयहरुमा जानकारी मुलक विषयवस्तुहरु प्रकाशन/प्रसारण मार्फत जानकारी गर्ने गराउने ।

## परिच्छेद ७

## आर्थिक व्यवस्थापन

**२५. कोषको स्थापना:**

(१) फोहोरमैला व्यवस्थापन सम्बन्धी काम गाउँपालिकामा रहेको फोहोरमैला व्यवस्थापन कोष वा वातावरण तथा विपद् व्यवस्थापन विशेष कोषबाट कार्य सञ्चालन गरिनेछ ।

(२) फोहोरमैला व्यवस्थापनका लागि हरेक गाउँपरिषद्बाट आवश्यक रकम उक्त फोहोरमैला व्यवस्थापन कोष वा वातावरण तथा विपद् व्यवस्थापन विशेष कोषमा विनियोजन गरिनेछ।

(३) कोषमा गाउँपालिकाले फोहोरमैला व्यवस्थापन कार्यका लागि गाउँपरिषद्बाट विनियोजन गरेको रकम बाहेक सरसफाई शुल्क बापत गाउँपालिकाबाट प्राप्त रकम, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम, साझेदार संस्थाहरुबाट सो कार्यका लागि राखिने रकम तथा फोहोरमैला बिक्री र अन्य रुपमा कोषमा प्राप्त हुने रकम रहनेछ।

(४) गाउँपालिका क्षेत्रमा उत्पादन हुने फोहोरमैलाको व्यवस्थापन र जनचेतना अभिवृद्धि गर्ने कार्यका लागि उक्त रकम खर्च गरिनेछ।

(५) फोहोरमैला व्यवस्थापन कोष वा वातावरण तथा विपद् व्यवस्थापन विशेष कोषको रकम बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ।

(६) फोहोरमैला व्यवस्थापन कोष वा वातावरण तथा विपद् व्यवस्थापन विशेष कोषको खाता सञ्चालन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र वित्तीय शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(७) कोषको लेखा परीक्षण गाउँपालिकाको लेखापरीक्षण गर्ने व्यवस्था अनुसार हुनेछ।

(८) कोषको आर्थिक व्यवस्था यस निर्देशिकामा तोकिएको कुरामा यसै निर्देशिका बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

२६. **अन्य क्षेत्रमा खर्च गर्न नमिल्ने:** कोषमा फोहोरमैला व्यवस्थापनका लागि विनियोजन भएको रकम सोही प्रयोजन बाहेक अन्य कार्यमा खर्च गर्न पाईने छैन।

२७. **बैठक भत्ता:** व्यवस्थापन समितिको बैठकमा भाग लिने पदाधिकारी तथा सदस्यहरुले गाउँपालिका सदस्यले पाए सरह बैठक भत्ता पाउनेछन्।

२८. **गाउँ योजनामा समावेश गर्ने:** फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु गाउँपालिकाको आवधिक तथा वार्षिक योजनाहरु गाउँ विकास योजनामा समावेश गर्नुपर्नेछ।

२९. **जाँचपास तथा फरफारक:** कोषबाट सञ्चालन गरिएका फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यहरुको जाँचपास फरफारक व्यवस्थापन समितिको बैठकबाट गरिनेछ ।

## परिच्छेद ८

## फोहोरमैला व्यवस्थापन

३०. **फोहोरमैलाको उत्पादन कम गर्ने:**

(१) कुनै व्यक्ति संस्था वा निकायले जुनसुकै काम कारोवारहरु गर्दा उत्पादन हुने फोहोरमैला यथाशक्य कम गर्नु पर्नेछ ।

(२) आफ्नो क्षेत्र भित्र विसर्जन हुन सक्ने फोहोरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहोरमैला मात्र निष्कासन गरी फोहोरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

**स्पष्टिकरण** : "आफ्नो क्षेत्र" भन्नाले निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, व्यापारिक प्रतिष्ठानको परिसर, विद्यालय, संघ संस्था वा कार्यालयको परिसर लगायत फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था, निकायको परिसरलाई सम्झनु पर्दछ ।

३१. **फोहोरमैलाको संकलन सम्बन्धी सूचना सार्वजनिक गर्नुपर्ने:**

(क) गाउँपालिकाले फोहोरमैला निष्काशनको समय, स्थान र तालिका निर्धारण गर्दा फोहोरमैला ढुवानी, प्रशोधन र अन्तिम विसर्जनका लागि सजिलो हुने गरी निर्धारण गर्नु पर्दछ ।

(ख) गाउँपालिकाले सरसफाई केन्द्र वा प्रशोधन स्थलमा लैजानुपर्ने फोहोरमैला संकलन र ढुवानीका लागि छुट्टै समय तालिका निर्धारण गर्न सक्नेछ ।

(ग) गाउँपालिकाले फोहोरमैला संकलन तथा सोको व्यवस्थापनका लागि समय स्थान र तरिका निर्धारण गर्दा जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकुल प्रभाव र त्यसको न्यूनीकरणका उपायहरु समेतलाई ध्यान दिनु पर्नेछ ।

(घ) समुदायका घर घरबाट उत्सर्जन हुने कुहिने, नकुहिने, शिशा तथा हानिकारक र अन्य फोहोरमैलाको वर्गीकरण तथा ती वर्गीकृत फोहोरमैला सोही बमोजिम नै

संकलन विधिको बारेमा मापदण्ड बनाई समुदायलाई सूचना प्रवाह गर्ने दायित्व गाउँपालिकाले पूरा गर्नु पर्नेछ ।

**३२. फोहोरमैला उत्पादन तथा निष्काशन सम्बन्धी व्यवस्था:**

(क) गाउँपालिकाले समुदायका प्रत्येक घर पसल, व्यवसायिक प्रतिष्ठान, सार्वजनिक प्रतिष्ठान, शिक्षालय, कार्यालय, धार्मिक स्थल तथा परिसर आदिबाट उत्सर्जन हुने फोहोरलाई वस्तुको प्रकृति अनुसार वा कुहिने, नकुहिने, शिशा तथा हानिकारक र अन्य फोहोरमैलाको वर्गीकरण गरी अलग अलग राख्न लगाउने तथा ती वर्गीकृत फोहोरमैला सोही बमोजिम नै संकलन विधि कडाईका साथ कार्यान्वयन गर्नेछ । यसरी गाउँपालिकाले तोकिदिए बमोजिम फोहोलाई स्रोतमै वर्गीकरण गरी संकलन केन्द्रसम्म पुऱ्याउने दायित्व फोहोर उत्पादन गर्ने व्यक्ति, संघ संस्था निकाय स्वयंको हुनेछ । यसका लागि गाउँपालिकाले सेवाग्राहीबाट सेवा शुल्क लिई आवश्यक प्रविधि, मालसामान, कण्टेनर आदि उपकरण उपलब्ध गराउन वा सवारी साधन पठाएर नियमित संकलन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(ख) यसरी अलग अलग राखिएको फोहोरलाई गाउँपालिकाले तोकेको दिन, समय र स्थानमा मात्र निष्काशन गर्नु पर्नेछ । समय तालिकाको बारेमा गाउँपालिकाले उपयुक्त माध्यम अपनाएर समय समयमा सूचना प्रवाह गर्नेछ ।

(ग) घरेलु फोहोरमैला उत्पादनमा कमि ल्याउन वडा कार्यालयको संयोजनमा स्थानीय टोल विकास संस्था, वडा नागरिक मञ्च, तथा सबै सरोकारवालाहरुको सहभागितामा जनस्तरमा नागरिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

(घ) फेदीखोला गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका प्रत्येक घर, संस्था एवम् व्यापारिक एवम् व्यावसायिक प्रतिष्ठान तथा पसलहरुबाट निस्कने फोहोर सडक तथा सार्वजनिक स्थलमा फाल्न वा निष्काशन गर्न पूर्ण रुपमा प्रतिबन्ध लगाइएको छ । त्यस्तो फोहोरको व्यवस्थापनको लागि फोहोर निष्काशनकर्ताले गाउँपालिकाले वर्गीकरण गर्ने भनी तोकेको मापदण्ड अनुसार छुट्टा छुट्टै फोहोर

राख्ने भाँडाहरुको व्यवस्था गरी सोही अनुसार फोहोर संकलन गरी राख्ने र यसै निर्देशिकामा उल्लेख भए बमोजिम वा तत्कालिन अवस्थामा गाउँपालिकाले तोके बमोजिम मात्र फोहोरमैला निष्काशन गर्नु पर्दछ।

(ङ) बजार क्षेत्रका फोहोरमैला व्यवस्थापन गर्ने स्थान वा सरसफाइ केन्द्रमा हानिकारक तथा संक्रमक फोहोरमैला, रसायनिक फोहोरमैला तथा विशेष किसिमले व्यवस्थापन गर्नुपर्ने फोहोरमैला मिसाउन पाइने छैन त्यस्ता फोहोरमैलाको व्यवस्थापन ऐनले तोकेको मापदण्ड अपनाएर फोहोर उत्पादनकर्ता आफैँले व्यवस्थापन गर्नुपर्नेछ।

**३३. फोहोरमैला निष्काशन, संकलन तथा वर्गीकरण, उपयोग र अन्तिम विसर्जन सम्बन्धी व्यवस्था:**

(क) फोहोर संकलन कार्यका लागि प्रयोग हुने सवारी साधनहरुले फेदीखोला गाउँपालिकाले तोकेको स्थानहरुमा तोकिएको संकलन केन्द्रमा तोकिएको समयमा मात्र फोहोर निष्काशन गर्नु पर्दछ।

(ख) फेदीखोला गाउँपालिकाले उल्लेखित समय सीमा भित्र कुनै निश्चित स्थानका लागि निश्चित समय तोकी वर्गीकरण गरिएका कुहिने, नकुहिने, शिशा तथा हानिकारक फोहोरमैला अलग अलग संकलन गर्ने व्यवस्था मिलाउन सक्नेछ। यसरी निश्चित समयतालिका र विधि तोकिए बमोजिम सोही अनुसार गनु गराउनु पर्दछ।

(ग) फोहोर संकलन गर्ने सवारी साधनद्वारा समुदायबाट फोहोर संकलन गर्दा हर्न, साइरन, घण्टी वा उच्च ध्वनी निस्कने कुनै उपकरण प्रयोग गरी जानकारी गराइनेछ। समय सीमाको बारेमा सबै सेवाग्राहीले विचार गरी सोही अनुसार पालना गर्नु गराउनु पर्दछ।

(घ) अस्पताल, क्लिनिक, प्रयोगशाला, उद्योग वा अन्य कतैबाट उत्पादन हुने हानिकारक तथा संक्रमक फोहोरमैला, रसायनिक फोहोरमैला तथा विशेष किसिमले व्यवस्थापन गर्नुपर्ने फोहोरमैला नियमित फोहोर संकलन गर्ने सवारी

साधन, रिक्सा, टेम्पो वा कन्टेनर आदिमा मिसाउन पाइने छैन त्यस्ता फोहोरमैलाको व्यवस्थापन ऐनले तोकेको मापदण्ड अपनाएर फोहोर उत्पादनकर्ता आफैँले व्यवस्थापन गर्नुपर्नेछ।

(ङ) कसैले पनि सवारी साधन वा रिक्सा वा संकलन केन्द्रमा फोहोर संकलन गर्दा वातावरणमैत्री ढंगबाट छरपष्ट नहुने गरी सुरक्षित ढंगले गर्नु पर्दछ।

(च) संकलन केन्द्रमा तोकिएको समयमा बाहेक अन्य समयमा बेवारिसे अवस्थामा फोहोर राख्न वा थुपार्न पाईनेछैन।

(छ) गाउँपालिकाले समितिको निणर्य अनुसार आवश्यकता र औचित्यको आधारमा फोहोर संकलन गर्ने समय, स्थान र रुट परिवर्तन गर्न सक्नेछ।

(ज) विशेष समारोह, विवाह, ब्रतवन्ध, धार्मिक तथा साँस्कृतिक कार्यक्रम, राजनैतिक दल र संघ संस्थाहरुद्वारा गरिने मेला महोत्सव वा कुनै पनि कार्यक्रमहरुबाट उत्पादन हुने फोहोरमैलाको व्यवस्थापन सोही कार्यक्रमका आयोजक व्यक्ति, संघ संस्था राजनैतिक दल वा निकाय स्वयंले गर्नु पर्दछ।

(झ) फोहोरमैला संकलन गरे बापत गाउँपालिकाले सेवाग्राहीसँग यसै निर्देशिका वा गाउँसाभाबाट  तोकिएको परिमार्जित दरमा सेवा शुल्क लिन सक्नेछ।

**३४. निजी कम्पनी/गैह्रसरकारी संघ संस्था/सामुदायिक संस्थाले पालना गर्नुपर्ने कर्तव्य र दायित्वः**

(क) यस निर्देशिकामा उल्लेखित निर्देशनको पूर्ण पालना गर्नु गराउनु फेदीखोला गाउँपालिका क्षेत्रका घर, पसल, व्यवसायिक प्रतिष्ठान, सार्वजनिक प्रतिष्ठान, शिक्षालय, कार्यालय आदि सबैको कर्तव्य हुनेछ।

(ख) फोहोर व्यवस्थापन सम्बन्धी कामका सम्बन्धमा सबै निजी कम्पनी, गैरसरकारी संघ संस्था, तथा सामुदायिक संस्थाहरुको जवाफ देहिता फेदीखोला गाउँपालिका प्रति रहनेछ।

(ग) फेदीखोला गाउँपालिकाले तोकेको फोहोर संकलन तथा निष्काशन सम्बन्धी मापदण्ड, समय तालिका र अन्य निर्देशनहरुको पालना सम्बन्धित सबैले गर्नु पर्नेछ।

(घ) गाउँपालिकालाई शुल्क तिरी कुनै सेवालिने निजी कम्पनी वा सामुदायिक वा गैह्रसरकारी संघ संस्थाले समयमै नियमानुसार तिर्नु वुझउनु पर्दछ। यो प्रावधान विपरित कसैले समयमा शुल्क तिर्ने वुझाउने काम नगरेमा त्यस्तो संस्था वा व्यक्तिलाई दिइएको सेवा तत्काल वन्द गरी निजसँग लिन वाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(ङ) हालसम्म साइकल, रिक्सा वा गाडीबाट फोहोर संकलन गर्ने निजी फर्म, कम्पनी, गैह्रसरकारी/सामुदायिक संघ संस्था आदिले यो निर्देशिका स्वीकृत भै कार्यान्वयनका लागि लागू भएको मिति देखि फेदीखोला गाउँपालिकाको स्वीकृति बिना समुदायबाट फोहोर संकलन गर्न र गाउँपालिकाले तोकेको संकलन केन्द्र/सरसफाई केन्द्र वा सेनिटरी ल्याण्डफिल साईटमा फोहोर फाल्न पाउनेछैन।

(च) कसैले पनि तोकेको साधन र समयमा बाहेक अघि पछि फोहोर निष्काशन गरेमा, फालेमा, छरपष्ट बनाएमा, नउठाएमा, छर्दै लगेमा, फोहोर बोक्ने सवारी साधनलाई नढाकी खुला रुपमा गुडाएमा फोहोर व्यवस्थापन गर्ने व्यक्ति वा संस्था वा नागरिकलाई कुनै प्रतिकुल अवरोध गरेमा तत्काल कारवाही गरिनेछ।

(छ) निजी क्षेत्रबाट हुने फोहोर व्यवस्थापन कार्यको नियमित अनुगमन तथा मुल्यांकन गरिनेछ।

(ज) गाउँपालिकाले फोहोर व्यवस्थापनका लागि आवश्यकता अनुसार विभिन्न क्षेत्र वा फोहोर वर्गीकरण गरी वस्तुको प्रकृति अनुसार निर्धारण गरी छुट्टा छुट्टै संकलन केन्द्र, सरसफाई केन्द्र वा प्रशोधन केन्द्र तोक्न वा सञ्चालन गर्न सक्नेछ।

(झ) फोहोरमैला व्यवस्थापनको क्षेत्रमा गाउँपालिकाको पूर्व स्वीकृति, सम्झौता तथा अनुमति बेगर अन्य कुनै पनि व्यक्ति वा संस्थाले कार्य गर्न गराउन पाउने छैन।

३५. **कसुर:** यस निर्देशिका विपरित जथाभावी फोहोर फाल्ने, मिसाउने तथा फोहोर संकलन कार्यमा अवरोध पुऱ्याउने गरेमा यस निर्देशिकाको प्रयोजनका लागि कसुर गरेको मानिनेछ ।

३६. **दण्ड सजाय सम्बन्धी व्यवस्था:**

(१) फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ तथा यस निर्देशिकामा उल्लेख गरे बमोजिमको कसुर गरेमा त्यस्तो कसुर गर्ने व्यक्ति वा संस्थालाई गाउँपालिकाले देहाय बमोजिम दण्ड सजाय गर्नेछ ।

(क) गाउँपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला निष्काशन गर्नेलाई पहिलो पटक भए रु. १००० ।- सम्मको जरिवाना र दोश्रो पटक भए ३००० ।- देखि ५,००० ।- सम्म जरिवाना र सो भन्दा वढि गरेमा पटकै पिच्छे १०,००० ।- जरिवाना हुनेछ ।

(ख) कन्टेनर वा फोहोरमैला संकलन केन्द्र वा सरसफाई केन्द्रमा राखिएको फोहोरमैला अनधिकृत तवरले प्रयोग गर्नेलाई पटकै पिच्छे रु. १००० ।- देखि रु. ५००० ।- सम्मको जरिवाना हुन सक्नेछ ।

(ग) तोकिएको मापदण्ड बमोजिम श्रोतमै फोहोर वर्गीकरण नगरी ऐनको दफा ६ विपरित फोहोरमैला मिसाएर निष्काशन गर्नेलाई प्रत्येक पटक रु. ५०० ।- सम्म जरिवाना हुन सक्नेछ ।

(घ) सडक पेटी वा नाला माथी कुनै पनि व्यावसाय (रेष्टुरेण्ट, तरकारी पसल, माछा मासु, चटपटे, वर्कसप, किराना पसल, घुम्ती ठेला आदि) सञ्चालन गर्नेलाई पहिलो पटक रु. १५०० ।- र दोश्रो वा सोभन्दा धेरै पटक गरेमा पटकै पिच्छे रु. ५००० ।- सम्म जरिवाना गर्न सक्नेछ ।

(ङ) ठोस फोहोर, भान्साघरको फोहोर, माछामासुजन्य लादी, हड्डी, छाला रौँ तथा शौचालयजन्य फोहोर आदि सडक नाला वा ढलमा मिसाउने, सार्वजनिक स्थलमा फाल्ने आदि कसुर गर्नेलाई रु. १००० ।- देखि रु. ५००० ।- सम्म जरिवाना गर्न सक्नेछ । साथै कुनै व्यक्तिले व्यावसायिक

रुपमा सञ्चालन गरी रहेका कुनै व्यावशाय सञ्चालनका क्रममा उक्त कसुर दोहोऱ्याइरहेको अवस्थामा निश्चित समय भित्र सो व्यवसाय बन्द गर्न आदेश समेत दिन सक्नेछ।

(च) हानीकारक फोहोर फाल्ने, राख्ने भनी तोकिएको स्थान बाहेक फोहोरमैला संकलन केन्द्र, कण्टेनर वा फोहोरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानीकारक पदार्थ राख्ने, फाल्ने, थुपार्नेलाई पटकैपिच्छे रु. ५००० ।- देखि १५००० ।- सम्मको जरिवाना र त्यस्तो कसुरबाट कुनै क्षति भइसकेको रहेछ भने सो बराबरको क्षतिपूर्ति समेत भराउन सक्नेछ।

(छ) मरेका वा मारेका पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि फोहोरलाई तोकेको स्थानमा बाहेक अन्यत्र राखेमा पटकै पिच्छे रु. ५००० ।- देखि रु. १५००० ।- सम्मको जरिबाना हुन सक्नेछ।

(ज) कुहिने वा नकुहिने फोहोर संकलनको क्रममा डाइपर प्याम्पर्स, प्याड तथा संक्रमक किसिमका गाउँपालिका गाउँपालिकाले तोकेका तथा स्वास्थ्य सम्बन्धी प्रचलित कानून बमोजिम संक्रामक भनी परिभाषित गरिएका फोहोर वस्तुहरु जानेर वा नजानेर मिसाएर लुकाई छिपाई उत्सर्जन गरेमा वा नमिसाउनु भनी तोकिएको वस्तुसँग मिसाएमा रु ५००० ।- देखि रु. १५००० ।- सम्म जरिबाना हुन सक्नेछ।

(झ) घर कम्पाउण्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने गरेमा, फोहोरबाट निस्केका दुषित पानी वा ढल चुहाई अन्य व्यक्तिको घर जग्गा प्रदुषित गर्ने गराउनेलाई पटकै पिच्छे रु ५००० ।- देखि रु. १५००० ।- सम्म जरिबाना हुन सक्नेछ।

(ञ) सडक पेटी नाला इत्यादिमा निर्माण सामग्री थुपारी वाटो, पेटी अवरुद्ध गरेमा पटकै पिच्छे रु. रु ५००० ।- देखि रु. १०००० ।- सम्म जरिबाना गरी सो सामग्री २४ घण्टा भित्र हटाउन आदेश दिन सक्नेछ।

(ट) फोहोरमैला संकलनका लागि राखिएका कण्टेनर, वाल्टी डष्टवीन तोडफोड गर्ने, क्षती पुऱ्याउने, राखिएको स्थानबाट हटाउने, वा संकलन केन्द्रमा कुनै क्षती पुऱ्याउनेलाई भएको क्षती मुल्यांकन गरी बिगो हर्जाना समेत भराई पटकै पिच्छे रु १५००० ।- देखि रु. ५०००० ।- सम्म जरिबाना हुन सक्नेछ ।

(ठ) यस ऐन बमोजिम अनुमति नलिई फोहोरमैला व्यवस्थापनको कार्य गर्नेलाई पटकैपिच्छे रु ५००० ।- देखि रु. १५००० ।- सम्म जरिबाना हुन सक्नेछ ।

(ड) यस ऐन बमोजिम सरसफाईको लागि प्रदान गरिएको अनुमति पत्रमा उल्लिखित शर्तहरु उल्लंघन गर्नेलाई रु ५००० ।- देखि रु. १५००० ।- सम्म जरिबाना हुन सक्नेछ ।

(ढ) गाउँपालिकाले तोकिएको ठाउँमा बाहेक रसायनिक फोहोरमैला, औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला फाल्ने, राख्ने, निष्काशन गर्ने वा गराउनेलाई रु ५०००० ।- देखि रु. १००००० ।- सम्म जरिबाना हुन सक्नेछ । सोही कसुर पुन: गरेमा पहिलोपटक गरेको जरिबानाको दोब्बर जरिबाना गरी प्रचलित कानून बमोजिम निजको व्यवसायको अनुमति रद्द गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(ण) प्रचलित कानून अनुसार गनुपर्ने प्रक्रिया पूरा नगरी रसायनिक विषादीहरु अनधिकृत रुपमा आयात गर्ने वा म्याद नाघेका औषधीहरु नियामानुसार नष्ट गर्ने कार्य पूरा नगर्नेलाई रु. ५०००० ।- देखि रु. १००००० ।-सम्मको जरिबाना हुन सक्नेछ । सोही कसुर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सकिनेछ ।

(२) फोहोरमैला व्यवस्थापन ऐन, २०६८ बमोजिम प्रमुख जिल्ला अधिकारीलाई दिएको अधिकार अनुसार निम्न बमोजिमका कसुरहरुमा निम्न बमोजिमको सजाय गर्न सकिने प्रावधानलाई लागू गरिनेछ ।

(क) फोहोरमैला संकलन ढुवानी तथा सरसफाईमा बाधा अवरोध श्रृजना गर्नेलाई रु. १०००० ।- देखि रु. ५०००० ।- सम्मको जरिबाना वा १५ दिन देखि ३ महिना सम्मको कैद सजाय वा दुबै सजाय गर्न सक्ने ।

(ख) फोहोरमैला संकलन ढुवानी तथा निष्कासन र अन्तिम विर्सजन स्थलमा अवरोध बन्द घेराउ गर्ने वा सरसफाई सम्बन्धी कार्यमा हडताल गर्नेलाई रु. १०००० ।- देखि रु. ५०००० ।- सम्मको जरिवाना वा १५ दिन देखि ३ महिना सम्मको कैद सजाय वा दुबै सजाय गर्न सक्ने ।

(ग) फोहोरमैला अत्याधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन वा बिक्री वितरण गर्नेलाई रु. ५००० ।- देखि रु. १०००० ।- सम्मको जरिबाना वा ३ महिना सम्मको कैद सजाय वा दुबै सजाय गर्न सक्ने ।

(३) स्थानीय स्वायत्त शासन ऐनको दफा १६५(१) ग तथा च बमोजिम गाउँपालिकाले देहाय बमोजिम कसुरमा देहाय बमोजिम दण्ड सजाय गर्न सक्नेछ ।

(क) गाउँपालिका क्षेत्र भित्र निर्दिष्ट स्थानमा फोहोरमैला नफाली जताभावी फालेमा त्यस्तो फोहोरमैला हटाउन लाग्ने खर्च समेत सम्बन्धित व्यक्ति, निकायबाट असुल उपर गरी रु. १५००० ।- सम्म जरिबाना गर्न सक्नेछ ।

(ख) कसैले आफ्नो घर छिमेकीको घर, आँगन चोकमा फोहोरमैला फालेमा वा वातावरण दुर्गन्धित हुने कार्य गरेमा गाउँपालिकाले रु. १५००० ।- सम्म जरिबाना गरी त्यस्तो हानी नोक्सानीको बिगो सम्बन्धित व्यक्ति, निकायसँग असुल उपर गर्न वा साविकको अवस्थामा तयार गर्न लगाउन सक्नेछ ।

## परिच्छेद ९

## विविध

**३७. स्वास्थ्य संस्थाजन्य/चिकित्सा क्षेत्रको फोहोरमैला व्यवस्थापन:** गाउँपालिकाबाट तोकिएको अधिकृत वा अनुगमनकर्ता वा समितिले चिकित्सा क्षेत्रसँग सम्बन्धित

संस्थाले IEE र EIA को वातावरणीय प्रकृया पूरा गरेको नगरेको सम्बन्धमा र व्यवसाय/सेवा सुचारु गर्नुपूर्व सम्बन्धित संस्था/सेवा दिने निकायबाट उत्सर्जन हुने सबै किसिमका फोहोरमैलाको समुचित व्यवस्थापन गर्नको लागि संरचनाहरुको तयारी गरेर मात्र सेवा सञ्चालन गरे नगरेको सम्बन्धमा जाँचबुझ र निरिक्षण गर्नेछ ।

३८. **विशेष कार्यदल गठन गर्न सक्नेः** गाउँपालिकाले फोहोरमैला व्यवस्थापन अनुगमनको कार्य एवम् यस सम्बन्धमा भएका आदेश बमोजिम प्रावधानहरु लागू गर्न र दण्ड सजाय कार्यान्वयन गर्न विशेष कार्यदल गठन गर्न सक्नेछ ।

३९. **ग्राहक कार्ड लागू गर्नेः**

(क) गाउँपालिका क्षेत्रका व्यवसायीहरुले व्यावसाय नविकरण गर्न आउँदा नविकरण गराउनु पूर्व एवम् नयाँ पसल व्यावसाय दर्ता गर्दा कै समयमा र घर नक्सा पास गर्दा कै समयमा र सम्पत्ती कर तिर्दाको समयमा गाउँपालिका वा फोहोरमैला व्यवस्थापन गरे वापतको सेवा शुल्क उठाउने जिम्मेवारी पाएको व्यक्ति, फर्म वा संस्थाबाट ग्राहक कार्ड अनिवार्य रुपमा लिई नियमित रुपमा सेवा शुल्क भुक्तानी गरेको हुनु पर्दछ ।

(ख) यस्तो ग्राहक कार्ड लिएको वा नलिएको सम्बन्धमा खानेपानी सरसफाई तथा स्वच्छता इकाईबाट जाँचबुझ गरी त्यस्तो ग्राहक कार्ड लिई भुक्तानी गर्नुपर्ने सेवा शुल्क नियमित भुक्तानी गरेको प्रमाणित गरी दिए पश्चात मात्र व्यवसाय नविकरण गरिनेछ ।

४०. **कारबाही गरिनेः** माथी विभिन्न खण्डमा उल्लेखित कसुर गर्ने व्यक्ति, फर्म, संस्था वा निकायलाई तोकिएको दण्ड सजाय जरीमाना र कैद भुक्तान नगर्ने व्यक्ति, संस्थालाई देहाय बमोजिमको प्रकृयाहरु अवलम्बन गरी कारबाहीको दायरामा ल्याउन सकिनेछ ।

(क) दण्ड जरिवाना र सजाय तोक्नु अघि सामान्य कसुरमा पहिलोपटक चेतावनी दिन वा सचेत गराउन सकिने ।

(ख) फेदीखोला गाउँपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत र टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घरजग्गा बिक्री रोक्का गर्नको

लागि गाउँपालिकाले सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ। तर यसरी लेखि पठाउनु अघि सम्बन्धित व्यक्ति, फर्म, संस्थालाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिनुपर्नेछ। यसरी लेखि आएमा त्यस्तो सेवा सुविधा रोक्ने वा बन्द गर्ने सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(ग) सेवा प्रदायक निजी कम्पनी, फर्म, गैह्रसरकारी/सामुदायिक संस्था भएमा सेवा बन्द गर्ने त्यस्ता संस्थालाई कालो सूचीमा राख्न सकिनेछ।

४१. **सम्पर्क शाखाः** फेदीखोला गाउँपालिकाको फोहोरमैला व्यवस्थापन कार्यको सम्पर्क शाखाको रुपमा फोहोरमैला व्यवस्थापन/खानेपानी सरसफाई तथा वातावरण इकाईले गर्नेछ।

४२. **निणर्य गर्न सक्नेः** व्यवस्थापन समितिको सिफारिसका आधारमा गाउँपालिकाले प्रचलित कानूनको अधिनमा रही फोहोरमैला व्यवस्थापनको कार्य गाउँपालिका आफैंले गर्ने वा निजी क्षेत्रलाई जिम्मा दिने वा पूर्णरुपमा समुदायको जिम्मा दिने वा संयुक्त कोष स्थापना गरी सञ्चालन र व्यवस्थापन गर्ने वा आंसिक रुपमा कुनै कार्य मात्र कुनै निकायलाई जिम्मा दिने जस्ता व्यवस्थापनका जुनसुकै उपायहरु अवलम्बन गर्ने निणर्य गरी कार्यान्वयन गर्न सक्नेछ।

४३. **निर्देशिकाको संशोधनः** यस निर्देशिकालाई संशोधन गर्न आवश्यक देखिएमा गाउँ कार्यपालिकाको बैठकबाट संशोधन गर्न सकिनेछ।

४४. **बचाउ र खारेजी:**

(क) यस अघि फोहोरमैला व्यवस्थापन सम्बन्धी भए गरेका कामहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

(ख) यो निर्देशिका प्रचलित कानूनको व्यवस्थासँग बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**आज्ञाले**
**विष्णु प्रसाद पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**